सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(पशुपंक्षी विकास शाखा)
फत्तेपुर चोक, सप्तरी
मधेश प्रदेश, नेपाल

प.संख्या : ०८२/८३

सूचना । सूचना ॥ सूचना ॥।

अनुसूची-३
गाईभैसी श्रोत केन्द्र कार्यक्रमको प्रस्ताव आव्हानको सूचना
(प्रथम पटक प्रकाशन मिति २०८२।१०।१४ गते)

यस कार्यालयको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सर्शत वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" वमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न इच्छुक निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरीन्छ । ईच्छुक आवेदकहरु आवेदन फाराम नगरपालिको कार्यालयमा सम्पर्क गरेर वा सप्तकोशी नगरपालिकाको Website Saptakoshimun.gov.np बाट download गरी प्राप्त गर्न सकिने साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरीने व्यहोरा समेत जानकारी गराईन्छ । यस विषयमा थप जानकारीको लागि ९८४७२१७७३८ वा ९८१३६५५९१४ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम लागु हुने क्षेत्र |
|---|---|---|
| १. | जलवायुमैत्री गोठ निर्माण तथा सुधार कार्यक्रम | सप्तकोशी नगरपालिका अन्तर्गतका वडाहरु |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-**

१.निवेदन
२.नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि ।
३.आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि ।
४.कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात ।
५.सहकारी संस्थाको हकमा सम्वन्धित व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि ।
६.सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
७.निर्माण कार्यको हकमा लागत इस्टिमेट ।
८.लाभग्राही कार्यक्रम संचालन गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि ।
९.लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली ।
१०.यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषण पत्र ।

२०८२।१०।१४
(भवनी चौधरी)
प.से.प्रा.
शाखा प्रमुख

इ-मेल :pasusewasakha1fattepur@gmail.com
"समृद्ध पशु, समृद्ध कृषक, जय पशु धन"

अनुसूची-५

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

निवेदन

मिति:.................

श्री..........................................

..................................

विषय:- प्रस्ताव पेश गरिएको बारे ।

तहाँ कार्यालयको मिति ............................ गतेको सूचना अनुसार ..........................................
................................ कार्यक्रममा साझेदारी गर्न इच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रममा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

निवेदनको

नाम:-

दस्तखत:-

प्रस्तावकको नाम र थर:-

स्थायी ठेगाना:-

प्रस्तावित कार्यक्रमको नाम:-

कार्यक्रम संचालन हुने स्थान:-

**संलग्न कागजातहरुको सूची**

(क) निवेदनको नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि,

(ख) आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि,

(ग) कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात ,

(घ) सहकारी संस्ताको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,

(ङ) सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्वर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,

(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट,

(छ) लाभग्राही कार्यक्रम संचालन गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि,

(ज) लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली,

(झ) यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषण पत्र,

(ञ) कार्यक्रम संचालन गर्ने प्रदेश र स्थानीय तहको आवश्यकता अनुसार अन्य कागजातहरु,